# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७६/०७७
च.न.: ३२१९

मिति : २०७७/०२/२९

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै
देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**विषय : बैकल्पिक विधीबाट विद्यार्थीको सिकाइ सहजिकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID 19) को संक्रमणले गर्दा नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि देशभर लकडाउन गरेको कुरा सर्व विदितै छ। उक्त संक्रमण सामान्य भई विद्यालय सञ्चालन हुन अझै केही समय लाग्ने अवस्था देखिएकोले विद्यार्थीहरुलाई केही न केही रुपमा भए पनि सिकाइमा संलग्न गराउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले '**बैकल्पिक विधिबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका २०७७**' जारी गरेको छ। उक्त निर्देशिका अनुसार हाल विद्यार्थी भर्ना अभियान सञ्चालन नगर्नुहुन र वैकल्पिक माध्यमबाट तपसिल अनुसारका कार्य गर्नुहुन सम्पूर्णमा अनुरोध छ।

<u>तपसिल</u>

१) सबै विद्यालयहरुले शैक्षिक सत्र २०७७ को लागि कक्षा शिक्षक तोक्ने ।

२) सबै विद्यालयहरुमा शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशन भइसकेको हुँदा तल्लो कक्षा सम्पन्न गरेका विद्यार्थीहरुलाई माथिल्लो कक्षामा अभिलेखिकरण गर्ने र कक्षागत विद्यार्थी एकिन गर्ने ।

३) एउटा कक्षामा उत्तीर्ण विद्यार्थी अर्को कक्षामा सोही विद्यालयमा पढ्ने वा नपढ्ने एकिन गर्ने यदि अन्य विद्यालयमा स्थानान्तरण हुने भए त्यस्ता विद्यार्थीहरुको रेकर्ड कक्षा शिक्षक मार्फत वैकल्पिक माध्यमबाट तयार गर्ने र स्थानान्तरण भइ जाने विद्यालयमा विवरण पठाइदिने तथा लिने ।

४) एउटा तह वा कक्षा सम्पन्न गरी अर्को तह अध्यापन गर्न आफ्नो विद्यालयमा आउने विद्यार्थीहरुलाई सहजीकरण गर्नका लागि प्रधानाध्यापक/कक्षा शिक्षकले अभिभावक, विद्यार्थी र सम्बन्धित विद्यालयसँग समन्वय गर्ने ।

५) शैक्षिक सत्र २०७७ को पाठ्यपुस्तक खरीद गरी विद्यार्थीहरुलाई वितरणका लागि प्रत्येक विद्यालयमा निकाशा गरिसकिएकोले सामाजिक दुरी कायम गरी सम्पूर्ण विद्यार्थीहरुलाई पुस्तक उपलब्ध गराउने ।

६) वैकल्पिक विधिबाट विद्यार्थीको सिकाई सहजिकरण निर्देशिका २०७७ को दफा ३ अनुसार पहुँचको आधारमा तपसिलको ढाँचामा विद्यार्थीहरु पहिचान गरी रेकर्ड व्यवस्थापन गरी राख्ने ।

| क.सं. | विद्यार्थीको नाम | सबै किसिमका प्रविधि भन्दा बाहिर | रेडियोको पहुँच | टेलिभिजनको पहुँच | कम्प्युटर भएका तर अनलाइन कनेक्टिभिटी नभएको | इन्टरनेट तथा सूचना सञ्चार प्रविधिको साधनमा पहुँच |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**(नोट : सम्पूर्ण विद्यालयले परिस्थिति सामान्य नहुँदासम्म स्थानीय तहको अर्को सूचना नहुँदासम्म भर्ना अभियान सञ्चालन नगर्नुहुन अनुरोध छ । भर्ना गर्ने अवस्थामा विद्यार्थीको सर्टिफिकेट, प्रमाणपत्र बिना भर्ना नगर्न समेत अनुरोध छ ।)**

.......................................
(राम प्रसाद शर्मा)
शिक्षा शाखा प्रमुख